## परिचय

राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि स्थापित संवैधानिक निकाय हो । मानव अधिकार आयोग ऐन, २०५३ अनुसार २०५७ जेठ १३ गते स्थापित यस आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ को भाग १५ मा संवैधानिक निकायका रूपमा स्थापित गरेको छ । संयुक्त राष्ट्रसङ्घका सदस्य देशहरूमा मानव अधिकारको सम्मान र संरक्षण गर्नको लागि एउटा स्वतन्त्र र स्वायत्त राष्ट्रिय संस्था रहने व्यवस्था सन् १९९३ मा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनबाट प्रतिपादन भएको सिद्धान्तमा (जसलाई छोटकरीमा **पेरिस सिद्धान्त** भनिन्छ) समेत उल्लेख गरेको छ । पेरिस सिद्धान्तले आयोगको स्वतन्त्रता र स्वायत्तता, गठन प्रक्रिया, पर्याप्त आर्थिक श्रोत सहितको आर्थिक स्वतन्त्रता, मानवअधिकार संरक्षण र सम्वर्द्धनका लागि पर्याप्त कार्याधिकार लगायतका बिषयहरुलाई समेटेको छ । यो आयोग पनि सोही सिद्धान्त बमोजिम स्थापित भएको निकायको रुपमा पर्दछ । मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको संबैधानिक कर्तव्य तथा दायित्व हो ।

## आयोगको गठन

आयोगका पदाधिकारीहरुको नियुक्ति बहुलवादको सिद्धान्तमा आधारित भई संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाईपश्चात राष्ट्रपतिबाट ६ बर्षको कार्यकाल हुने व्यवस्था गरिएको छ । आयोगमा अध्यक्ष लगायत अन्य चार जना सदस्यहरू गरी पाँचजना पदाधिकारी रहने संवैधानिक व्यवस्था छ । आयोगमा नियुक्तिको लागि संविधानमा तोकिएको योग्यता अन्तर्गत मानवअधिकारको संरक्षण र सम्बर्द्धनका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा समाज सेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट एकजनालाई अध्यक्षमा नियुक्त गरिने व्यवस्था रहेकोछ । त्यसैगरी मानवअधिकारको संरक्षण र सम्बर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट चारजना सदस्यहरुको नियुक्ति हुने व्यवस्था बर्तमान संविधानमा गरिएको छ । सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश श्री केदारनाथ उपाध्यायको अध्यक्षतामा बर्तमान आयोगको गठन २०६४ साल असोज २ गते भएको हो । आयोगका अन्य पदाधिकारिहरुमा श्री राम नगिना सिंह, श्री गौरी प्रधान, डा. के.वी. रोकाय र डा. लीला पाठक हुनुहुन्छ ।

## आयोगका मुख्य कार्यहरु

नेपालको अन्तरिम संविधान, २०६३ र मानव अधिकार आयोग ऐन, २०५३ ले राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारहरूबारे उल्लेख गरेको छ । मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु मुख्य कर्तव्य रहेको यस आयोगले संविधान तथा ऐन प्रदत्त अधिकार तथा प्रचलित मानवअधिकारका अन्तर्राष्ट्रिय सिद्धान्त र व्यवहारको दायरा भित्र रही संरक्षणात्मक, सम्बर्द्धनात्मक र कानूनी तथा नीतिगत कार्यहरु गर्दछ ।

## संरक्षणात्मक कार्यहरु

- मानवअधिकार उल्लङ्घन वा ज्यादतीका घटनाहरुको सम्वन्धमा उजुरी ग्रहण, त्यसउपर अनुसन्धान तथा त्यसको आधारमा पीडितलाई क्षतिपूर्ति तथा दोषीउपर कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने तथा सिफारिस कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन तथा अभिलेखीकरण गरी उजुरीलाई निष्कर्षमा पु-याउने ।
- राज्यका निकायका पदाधिकारीले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेका कारण कसैको मानवअधिकार उल्लङ्घन हुनगएमा निजउपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने ।
- मानवअधिकार उल्लङ्घनका दोषीउपर आवश्यकता अनुसार कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने ।
- कारागार, हिरासत लगायतका कुनै पनि थुनुवा केन्द्रको भ्रमण, अनुगमन, निरीक्षण गरी मानवअधिकारको दृष्टिमा सुधार गर्नुपर्ने भए आवश्यक सुझाव प्रदान गर्ने ।
- मुलुकको विद्यमान मानवअधिकार एवं मानवअधिकार को अन्य विषयहरुमा विषयगत अनुगमन गरी सो को प्रतिवेदन प्रकाशित गर्ने ।

## सम्बर्द्धनात्मक कार्यहरु

- मानवअधिकारको सचेतना अभिवृद्धि गर्न तालिम तथा गोष्ठि, सभा, सम्मेलनको आयोजना गर्ने ।
- मानवअधिकार संस्कृतिको विकास गर्न तथा मानवअधिकारसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको क्षमता अभिवृद्धि गराउन नागरिक समाजसँग समन्वय र सहकार्य लगायत अन्य कार्यहरु गर्ने ।
- मानवअधिकारको प्रचार प्रसार गर्ने, गराउने ।

## कानूनी तथा नीतिगत कार्यहरु

- प्रचलित कानूनहरु मानवअधिकारको मर्म अनुरुप भएनभएको सम्वन्धमा आवधिक रुपमा पुनरावलोकन गरी नभएमा आवश्यक सुधार तथा संशोधनका सम्वन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने ।
- मानवअधिकारसँग सम्वन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकार समक्ष सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भएनभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सो को कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने ।
- नेपाल सरकारले बुझाउनु पर्ने आवधिक प्रतिवेदन तयार गर्दा मानवअधिकारको दृष्टिकोणले आवश्यक प्राविधिक परामर्श नेपाल सरकारलाई उपलव्ध गराउने ।
- आयोगको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानूनबमोजिम सार्वजनिक गरी मानवअधिकार उल्लङ्घनकर्ताहरुकोरुपमा अभिलेखन गर्ने ।

## आयोगको अधिकार क्षेत्रहरु

मानवअधिकारको प्रभावकारी संरक्षण र सम्वर्द्धनमा योगदान गर्न आयोगलाई संविधान तथा ऐन प्रदत्त अधिकारहरु यसप्रकार छन्:

- आफ्नो कार्य सम्पादनको सम्वन्धमा कुनै पनि व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान लिने, प्रमाण बुझ्ने लगायतका अदालतलाई भएसरहको अधिकार प्रयोग गर्ने ।
- मानवअधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भएको अवस्थामा कुनै पनि व्यक्ति वा निजको कार्यालय वा आवास वा अन्य ठाउँमा विना सूचना प्रवेश गरी खानतलासी लिने तथा मानवअधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबूद कब्जामा लिने तथा पीडितको उद्धार गर्ने ।
- मानवअधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारवाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाँउमा प्रवेश गर्ने र उद्धार गर्ने ।
- पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।
- कानूनमा व्यवस्था भएबमोजिम अन्य अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने वा गराउने ।

## आयोगको क्षेत्राधिकार भित्र नपर्ने

- सैनिक ऐनको क्षेत्राधिकारको विषयमा यस आयोगलाई कार्वाहीको अधिकार हुने छैन तर मानव अधिकार वा मानवीय कानूनको उल्लङ्घन भएको विषय रहेछ भने सो बिषयमा सैनिक ऐनको क्षेत्राधिकारको विषयले आयोगको कार्वाहिलाई बाधा नहुने भन्ने व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ मा गरिएको छ ।
- मानव अधिकार आयोग ऐन, २०५३ मा उल्लेख भए अनुसार नेपाल सरकार र कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय वा अन्तर सरकारी संस्थाका बीच सम्पन्न

सन्धि सम्झौता वा नेपालको सुरक्षामा प्रतिकूल असर पर्न सक्दछ भनी नेपाल सरकारको मुख्य सचिवले प्रमाणित गरेको विषयको सम्बन्धमा पनि यस आयोगको क्षेत्राधिकार नहुने भनिएको छ ।

- मानव अधिकार आयोग ऐन, २०५३ मा उल्लेख भए अनुसार कुनै अपराधको कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा अपराध वा अपराधी पत्ता लगाउने कार्यमा प्रतिकूल असर पर्न सक्दछ भनी महान्यायाधिवक्ताले प्रमाणित गरेको विषयमा पनि यस आयोगको क्षेत्राधिकार नहुने भन्ने रहेको छ ।

## आयोगमा उजुरी गर्ने तरिका

कुनै पनि व्यक्ति तथा समुहको मानव अधिकार उल्लङ्घन भएमा वा त्यसको दुरुत्साहन भएमा वा हुन लागेमा यस आयोगमा उजुरी दिन सकिनेछ। मानवअधिकार उल्लङ्घनको उजुरी आयोगको केन्द्रीय, क्षेत्रीय वा उप-क्षेत्रीय लगायत जुनसुकै कार्यालयमा दिन सकिने छ । मानवअधिकार उल्लङ्घनको उजुरी पीडित स्वयम्ले वा निजको तर्फबाट कुनै व्यक्ति वा संस्थाले दिन सक्दछ । यसरी उजुरी दिने वा अन्य सूचना प्रदान गर्ने व्यक्ति वा संस्थाको नाम पीडित वा सूचनादाताको सुरक्षाको दृष्टिकोणले आवश्यकता अनुसार गोप्य राखिनेछ । साथै अन्य कुनै स्रोतबाट मानव अधिकार उल्लङ्घनकाबारेमा आयोगलाई प्राप्त भएको जानकारीको आधारमा समेत आयोगले स्वविवेकीय अधिकारको आधारमा पनि यस सम्बन्धमा आफैंले उक्त विषयलाई उजुरी मानी आवश्यक कारबाही अगाडि बढाउन सक्दछ । आयोगमा उजुरी दिन कुनैपनि दस्तुर लाग्दैन । मानव अधिकारको उल्लङ्घन तथा अन्य बिषयहरुमा उजुरी आदि ग्रहण गर्न आयोगले निश्चित उजुरी फर्मको व्यवस्था गरेको छ, तर कसैले सो उजुरी फर्म प्राप्त गर्न नसकेमा पनि जुनसुकै कागजमा लेखेर वा टेलिफोन, इमेल, फ्याक्स लगायत कुनै पनि माध्यमवाट उजुरी वा अन्य सूचना दिन सकिने व्यवस्था गरिएको छ । पीडितहरुको आयोगसम्मको पहुँचलाई प्रभावकारी रूपमा वृद्धि गर्नका लागि आयोगले २४ घण्टे हटलाईन सेवा समेत सञ्चालन गर्दै आएको छ ।

## आयोगको जवाफदेहिता

कानुनी रूपमा आयोग व्यवस्थापिका संसदप्रति जवाफदेही रहन्छ । आयोगले वर्षभरी ग्रहण गरेका उजुरीहरु, सो उपर भएका अनुसन्धान/अनुगमन र सो उपर गरेका सिफारिसहरु साथै सिफारिसहरुको कार्यान्वयनको अवस्था लगायत बर्षभरी आयोगले गरेका सम्बर्द्धनात्मक कार्यहरु समावेस गरी आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश पर्ने र राष्ट्रपतिले उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत व्यवस्थापिका संसदसमक्ष पेश गर्न लगाउने संवैधानिक व्यवस्था छ ।

**हटलाईन नम्वरः २१११११११**

### केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
फोन ०१–५०१००१५,
हटलाइन ०१–२११११११,
फ्याक्स ०१-५५४७९७३
पोष्ट बक्स नं ९१८२
ईमेल nhrc@nhrcnepal.org

### क्षेत्रीय कार्यालयहरू

१. विराटनगर, बरगाछी
फोनः ०२१-४६१९३१, ४६१०९३
फ्याक्सः ९७७-२१-४६११००
इमेलः nhrcbrt@nhrcnepal.org

२. जनकपुरधाम, देवीचोक
फोनः ०२१-५२७८११, ५२७८१२
फ्याक्स ०४१-५२७२५०
ईमेल nhrcjnk@nhrcnepal.org

३. पोखरा, जनप्रिय मार्ग
फोन ०६१–४६२८११/४६३८२२
फ्याक्स ०६१–४६५०४२
ईमेल nhrcpkr@nhrcnepal.org

४. नेपालगञ्ज, शान्तिनगर
फोनः ०८१-५२६७०७, ५२६७०८
फ्याक्सः ९७७-८१-५२६७०६
इमेलः nhrcnpj@nhrcnepal.org

५. धनगढी, उत्तर बेहडी
फोनः ०९१-५२५६२१, ५२५६२२
फ्याक्सः ९७७-९१-५२५६२३
इमेलः nhrcdhn@nhrcnepal.org

### उपक्षेत्रीय कार्यालयहरू

| | |
|---|---|
| जुम्लाबजार, जुम्ला | फोनः ०८७-५२०२२२ |
| दिक्तेल, खोटाङ | फोनः ०३६- ४२०२८४ |
| बुटवल, रूपन्देही | फोनः ०७१-५४६९११ |

# राष्ट्रिय मानव अधिकार आयोग : एक परिचय




www.nhrcnepal.org